# देशको वर्तमान आर्थिक स्थिति

(आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनाको तथ्याङ्कमा आधारित)

## मुद्रा, कर्जा, तरलता र अल्पकालीन व्याजदर स्थिति

### मुद्राप्रदायमा विस्तार

1 आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनाको अवधिमा विस्तृत मुद्राप्रदाय अघिल्लो वर्ष ७.३ प्रतिशतले बढेको तुलनामा ९.५ प्रतिशतले विस्तार भएको छ । मौद्रिक क्षेत्रको खुद आन्तरिक सम्पत्तिको वृद्धि उच्च रहेको कारण मौद्रिक विस्तार अघिल्लो वर्षको तुलनामा अधिक रहेको हो ।

2 त्यस्तैगरी संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ४.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.१ प्रतिशतले बढेको छ । विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप अघिल्लो वर्ष ८.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.६ प्रतिशतले बढेको छ । गोर्खा विकास बैंकले प्राथमिक शेयर निष्काशन गर्दा उच्च मात्रामा संकलन हुनगएको रकम वाणिज्य बैंकहरूमा जम्मा हुन गएकोले आवधिक निक्षेपको वृद्धिदर उच्च रहेको हो ।

3 मौद्रिक विस्तारको प्रमुख श्रोतहरूमध्ये खुद वैदेशिक सम्पत्ति (विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित) अघिल्लो वर्ष १२.१ प्रतिशत (रू १३ अर्ब १ करोड) ले बढेकोमा समीक्षा अवधिमा ४.५ प्रतिशत (रू ६ अर्ब ३४ करोड ) ले बढेको छ । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदर कम रहेको तथा निर्यात घटेको कारण उक्त सम्पत्तिको वृद्धिदर अघिल्लो वर्षभन्दा न्यून रहेको हो ।

### कुल आन्तरिक कर्जामा विस्तार

4 मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा अघिल्लो वर्ष ५.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.३ प्रतिशतले बढेको छ । वाणिज्य बैंकहरूको विकास बैंक तथा वित्त कम्पनीहरूमा अल्पकालीन लगानी बढेकोले समीक्षा अवधिमा आन्तरिक कर्जाको वृद्धिदर उच्च रहेको हो ।

### नेपाल सरकारलाई प्रवाहित खुद बैंक कर्जा घट्ने कम यथावत्

5 कर्जा योगाङ्कहरूमध्ये नेपाल सरकारमाथि मौद्रिक क्षेत्रको खुद दावी अघिल्लो वर्ष ४.० प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ७.८ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा सरकारी खर्च वृद्धिदर भन्दा राजश्व संकलन वृद्धिदर उच्च रहेकोले नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उल्लेख्य बचत कायम रहेको फलस्वरुप नेपाल सरकारमाथिको मौद्रिक क्षेत्रको दावी थप घटेको हो ।

6 गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी अघिल्लो वर्ष १९.५ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १२.३ प्रतिशतले मात्र घटेको छ । समीक्षा अवधिमा नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, गोरखापत्र संस्थान र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रको केही कर्जा चुक्ता गरेकोले उक्त दावी थप घटेको हो ।

**वाणिज्य बैंकहरुको अन्य वित्तीय संस्थाहरुमा कर्जा विस्तार**

7 अघिल्लो वर्ष १.३ प्रतिशतले घटेको वित्तीय संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा उल्लेख्य रूपमा बढेको छ । समीक्षा अवधिमा गोर्खा विकास बैंकले निष्काशन गरेको शेयर खरीदको लागि सर्वसाधारणबाट जम्मा भएको रकम वाणिज्य बैकहरूमा राखिएको र सो रकम वाणिज्य बैंकहरूले विकास बैंक तथा वित्त कम्पनीहरूमा अल्पकालीन लगानी गरेकोले मौद्रिक क्षेत्रको गैरसरकारी वित्तीय संस्थाहरूमाथिको दावी बढेको हो ।

**निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा विस्तार शिथिल**


8 आन्तरिक कर्जाको मुख्य अंश निजी क्षेत्रतर्फको कर्जा अघिल्लो वर्ष ९.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.४ प्रतिशतले बढेको छ । निर्यातमा ह्रास, आयातको वृद्धिदरमा कमी र औद्योगिक क्षेत्रमा शिथिलता जस्ता कारणले निजी क्षेत्रतर्फको कर्जा विस्तारमा कमी आएको हो । नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकले समीक्षा अवधिमा गरेको रू. १६ अर्व बराबरको बक्यौता कर्जा अपलेखनलाई हटाउने हो भने निजीक्षेत्रतर्फको कर्जा विस्तार २.८ प्रतिशत रहने देखिन्छ ।

9 खुद गैर-मौद्रिक दायित्वको वृद्धिदर अघिल्लो वर्ष ६.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १६.४ प्रतिशतले घटेको छ । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले खराव कर्जा र व्याजको केही अंश अपलेखन गरेकोले कर्जा नोक्सानी व्यवस्था र व्याज

मुल्तवी हिसाव घट्न गई गैर-मौद्रिक दायित्व वृद्धि समीक्षा अवधिमा ऋणात्मक रहेको हो ।


**विदेशी विनिमय बजार हस्तक्षेपमार्फत् तरलता प्रवाह विस्तार**

10 समीक्षा अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत् कुल रु ३७ अर्ब ६८ करोड बराबरको अमेरिकी डलरको खरीद र ५१ करोडको बिक्री हुनगई जम्मा रू ३७ अर्ब १७ करोड बराबरको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्ष अमेरिकी डलरको खरीद तथा बिक्रीमार्फत कुल रू २५ अर्ब ४३ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । निजी विप्रेषण आप्रवाह स्तर उच्च रहेको र आयात वृद्धिदर न्यून रहेकोले विदेशी विनिमय बजारमा अमेरिकी डलर खरीद हस्तक्षेपमा वृद्धि भएको हो ।




**दोस्रो बजारमार्फत् उल्लेख्य तरलता प्रशोचन**

11 विदेशी विनिमय बजारमा भएको हस्तक्षेपबाट बढ्न गएको तरलतालाई प्रशोचन गर्न समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले अघिल्लो वर्षको तुलनामा अधिक खुला बजार कारोवार संचालन गरेको छ । अघिल्लो वर्ष कारोवारको आधार (turnover basis) मा खुला बजार कारोवारमार्फत् कुल रू ८ अर्ब २९ करोडको तरलता प्रशोचन भएकोमा समीक्षा अवधिमा कुल रू १९ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्ष बिक्री बोलकबोल र रिर्भस रिपो बोलकबोल मार्फत क्रमश: रू. ४ अर्ब ५७ करोड र रू. ५ अर्व तरलता प्रशोचन गरिएकोमा समीक्षा अवधिमा क्रमश: रू. ५ अर्ब ८९ करोड र रू. १३ अर्ब ५६ करोड तरलता प्रशोचन गरिएको छ ।




स्थायी तरलता सुविधा उपयोगमा विस्तार

12 समीक्षा अवधिमा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू ८ अर्ब १९ करोड ऋण उपयोग गरेका छन्, जुन गत वर्ष २ अर्ब १२ करोड रहेको थियो । केही बैंकहरूमा तरलता संकट देखिएकोले स्थायी तरलता सुविधाको उपयोग बढेको हो । तर समीक्षा अवधिमा वाणिज्य बैंकहरूको बीचमा हुने अन्तरबैंक कारोवारमा भने कमी आएको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूले कुल रू १ खर्ब ९ अर्ब बराबरको अन्तरबैंक कारोवार गरेकोमा यस वर्ष रू १ खर्ब ३ अर्ब बराबरको मात्र कारोवार गरेका छन ।

तालिका १

स्थायी तरलता सुविधा र अन्तरबैंक कारोवार

( पहिलो सात महिना)                (रु.अर्बमा)

| | २०६२/६३ | २०६३/६४ |
|---|---|---|
| स्थायी तरलता सुविधा | २.१२ | ८.१९ |
| अन्तर बैंक कारोवार | १०८.९४ | १०३.५० |

अल्पकालीन व्याजदर स्थिरीकरण

13 अल्पकालीन ब्याजदरहरूमा ९१-दिने भारित औसत ब्याजदर २०६२ माघको २.२० प्रतिशतबाट २०६३ माघमा २.६० प्रतिशतमा उक्लेको छ । तर, भारित औसत अन्तर बैंक ब्याजदर भने २०६२ माघमा २.४० प्रतिशत रहेकोमा २०६३ माघमा २.०१ प्रतिशत रहेको छ ।

**तालिका २**

**अल्पकालीन ब्याजदर (प्रतिशतमा)**

| महिना | भारित औसत ९१ दिने ट्रेजरी विल्स ब्याजदर | | भारित औसत अन्तर बैंक ब्याजदर | |
|---|---|---|---|---|
| | 2062/63 | 2063/64 | 2062/63 | 2063/64 |
| श्रावण | 2.26 | 2.99 | 2.47 | 2.07 |
| भाद्र | 3.38 | 2.78 | 3.87 | 1.83 |
| आश्विन | 3.10 | 2.54 | 3.18 | 2.11 |
| कार्तिक | 2.69 | 2.11 | 2.36 | 1.20 |
| मार्ग | 2.20 | 1.98 | 0.96 | 1.34 |
| पौष | 2.46 | 2.67 | 1.22 | 3.03 |
| माघ | 2.20 | 2.60 | 2.48 | 2.01 |

## धितोपत्र बजार

### थप ऋणपत्र निष्काशनको लागि स्वीकृति माग

**14** प्राथमिक निष्काशन तर्फ, २०६३ माघ मसान्तसम्म नेपाल धितोपत्र बोर्डले ६ वटा वित्तीय संस्थालाई रु. १४ करोड ८५ लाख बराबरको साधारण शेयर र सातवटा वित्तीय संस्थालाई रु ५२ करोड ५० लाख बराबरको अग्राधिकार शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ ।

### नेप्से परिसूचक र बजार पूँजीकरणमा वृद्धि

15 दोश्रो बजार तर्फ, वार्षिक बिन्दुगत आधारमा नेप्से सूचकाङ्क ६४.९२ प्रतिशतले बढेर २०६३ माघ मसान्तमा ५२३.९४ बिन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६२ माघ मसान्तमा ३१७.६९ रहेको थियो ।

16 २०६३ माघ मसान्तमा बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ८४.९ प्रतिशतले वृद्धि भई रु १ खर्ब ३६ अर्ब ९१ करोड पुगेको छ । यसको परिणामस्वरुप २०६३ माघ

मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २१.२ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६२ माघ मसान्तमा १२.७ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जस अनुसार वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ८३.८ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ४.३ प्रतिशत, होटलहरुको १.९ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.६ प्रतिशत र अन्यको ९.५ प्रतिशत अंश रहेको छ ।

**सूचीकृत कम्पनीहरुको संख्या एवं तिनको चुक्ता पूँजीमा वृद्धि**

17 नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६२ माघ मसान्तमा १२७ रहेकोमा २०६३ माघ मसान्तमा १४१ पुगेको छ । कुल सूचीकृत कम्पनीहरुमध्ये ९४ वटा वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन उद्योगहरु, ४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरु र ६ वटा अन्य समूहमा रहेका छन् ।

18 सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १७.७ प्रतिशत रही २०६३ माघ मसान्तमा रु २१ अर्ब १७ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुले साधारण शेयर तथा हकप्रद शेयर थप निष्काशन गर्नुका साथै केही नयां सस्थाहरु नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकृत भएकाले चुक्ता पूँजीमा वृद्धि भएको हो ।

## मुद्रास्फीति

**उपभोक्ता मुद्रास्फीतिमा चाप**

19 आर्थिक वर्ष २०६३।६४ को प्रथम सात महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा उक्त मुद्रास्फीति ५.८ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६३।६४ को समीक्षा अवधिमा मुद्रास्फीतिमा चाप पार्ने कारक तत्वहरुमा पाँच वटा उपभोक्ता उपसमूहका वस्तु तथा सेवाको उच्च मूल्य वृद्धि रहेको छ । ती पाँचवटा उपसमूहमध्ये तीनवटा खाद्य तथा पेय पदार्थ समूह र बाँकी दुइवटा गैरखाद्य समूहका रहेका छन् ।

**मूल्यमा तराई तनावको प्रभाव**

20 खाद्य तथा पेय पदार्थ समूहमध्ये २०६३ माघमा मरमसलाको वार्षिक विन्दुगत मूल्य वृद्धि उल्लेख्य २६.६ प्रतिशत रहेको छ । २०६२ माघमा मरमसलाको वार्षिक विन्दुगत

मूल्य वृद्धि ४.२ प्रतिशत मात्र रहेको थियो । त्यस्तै गरी २०६३ माघमा तरकारी तथा फलफूल उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि २२.१ प्रतिशत रहेको छ । २०६२ माघमा तरकारी तथा फलफूल उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि २.१ प्रतिशत मात्र थियो । यसका साथै २०६३ माघमा दलहन उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १७.१ प्रतिशत रहेको छ । २०६२ माघमा दलहन उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १०.१ प्रतिशत रहेको थियो । मौसम अपेक्षा गरिएअनुरुप राम्रो नरहेकोले कृषिजन्य वस्तुहरुको आन्तरिक उत्पादन आर्थिक वर्ष २०६३/६४ मा सन्तोषजनक रहन सकेन । यसका अतिरिक्त मरमसला र दलहनको अन्तराष्ट्रिय स्तरमा मागको तुलनामा आपूर्ति कम रहेको छ । यसका साथै माघ महिनामा तराईमा तनावको स्थिति उत्पन्न भई आपूर्ति व्यवस्था प्रभावित भएकोले खासगरी तरकारी तथा फलफूल उपसमूहको मूल्यमा उल्लेख्य वृद्धि भएको हो । यही कारणले अघिल्ला महिनाहरुको तुलनामा २०६३ माघमा मूल्यमा बढी चापको स्थिति देखिएको हो ।

**पेट्रोलियम पदार्थ र यातायात भाडा वृद्धिको आधार प्रभाव अब हट्ने**

21 गैरखाद्य समूहतर्फ ईन्धन र यातायात उपसमूहको उल्लेख्य मूल्य वृद्धि आर्थिक वर्ष २०६३/६४ को समीक्षा अवधिमा कायम रहेको छ । उदाहरणको लागि २०६३ माघमा ईन्धन, वत्ती तथा पानी उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १३.७ प्रतिशत रहेको छ । २०६२ माघमा उक्त समूहको मूल्य वृद्धि ६.४ प्रतिशत मात्र रहेको थियो । त्यस्तैगरी यातायात तथा सञ्चार उपसमूहको वार्षिक मूल्य वृद्धि २०६३ माघमा १५.७ प्रतिशत रहेको छ । २०६२ माघमा उक्त समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ५.३ प्रतिशत मात्र रहेको थियो । २०६२ फागुनमा पेट्रोलियम पदार्थको मूल्य र यातायात भाडा उल्लेख्य बढेको कारण उपरोक्त उपसमूहको मूल्य वृद्धि समीक्षा अवधिमा उच्च रहेको हो ।

22 २०६२ फागुनमा गरिएको पेट्रोलियम पदार्थको मूल्य वृद्धि र यातायात भाडा वृद्धिको आधार प्रभाव २०६३ फागुनमा हट्ने भएकोले अन्य तत्वहरु यथावत् रहे चालु आर्थिक वर्षको बाँकी महिनाहरुमा मुद्रास्फीतिमा क्रमिक सुधार आउने अपेक्षा छ ।

## तालिका ३
## केही मुख्य वस्तुहरुको उपभोक्ता मुद्रास्फीति

| | भार, प्रतिशत | वर्ष | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ |
|---|---|---|---|---|---|---|---|---|---|
| दलहन | 2.73 | 2062 | 5.3 | 6.4 | 6.0 | 7.6 | 9.5 | 9.2 | 10.1 |
| | | 2063 | 23.6 | 22.0 | 24.2 | 21.1 | 18.3 | 16.6 | 17.1 |
| फलफूल र तरकारी | 7.89 | 2062 | 2.1 | 0.4 | 0.9 | 7.6 | 11.2 | 8.1 | 2.1 |
| | | 2063 | 4.3 | 6.8 | 16.3 | 10.1 | 9.2 | 13.7 | 22.1 |
| मरमसला | 1.85 | 2062 | -4.8 | -3.2 | -1.4 | -0.6 | 1.1 | 3.9 | 4.2 |
| | | 2063 | 10.5 | 14.9 | 22.4 | 26.7 | 29.4 | 26.9 | 26.6 |
| माछा, मासु र अण्डा | 5.21 | 2062 | 4.3 | 5.8 | 4.2 | 3.6 | 3.6 | 3.8 | 1.0 |
| | | 2063 | 5.2 | 4.5 | 6.6 | 7.1 | 7.2 | 6.5 | 6.9 |
| दुध तथा दुग्ध पदार्थ | 4.05 | 2062 | 3.8 | 3.9 | 4.3 | 4.7 | 4.5 | 4.7 | 5.3 |
| | | 2063 | 6.2 | 7.7 | 8.5 | 8.3 | 8.3 | 8.1 | 7.8 |
| घिउ-तेल | 3.07 | 2062 | -2.7 | -3.9 | -3.6 | -2.6 | -2.3 | -2.6 | -2.8 |
| | | 2063 | 1.0 | 2.0 | 2.0 | 1.8 | 5.5 | 7.9 | 8.0 |
| इन्धन, वत्ती तथा पानी | 5.92 | 2062 | 22.1 | 30.3 | 22.4 | 22.4 | 22.4 | 7.3 | 6.4 |
| | | 2063 | 22.2 | 14.6 | 14.1 | 13.8 | 13.9 | 13.8 | 13.7 |
| यातायात र संचार | 4.03 | 2062 | 16.0 | 16.5 | 16.5 | 16.9 | 16.9 | 16.1 | 5.3 |
| | | 2063 | 17.9 | 17.4 | 17.4 | 16.6 | 16.6 | 16.6 | 15.7 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समग्र मुद्रास्फीति | 100 | 2062 | 7.3 | 8.2 | 7.8 | 8.5 | 8.8 | 7.0 | 5.8 |
| | | 2063 | 7.3 | 6.6 | 7.5 | 7.1 | 7.3 | 7.6 | 8.0 |
| खाद्य तथा पेय समूह | 53.2 | 2062 | 6.6 | 7.1 | 7.5 | 8.6 | 9.3 | 8.2 | 7.1 |
| | | 2063 | 6.1 | 6.0 | 7.8 | 7.0 | 7.3 | 8.0 | 8.8 |
| गैर खाद्य समूह | 46.8 | 2062 | 8.0 | 9.3 | 8.3 | 8.3 | 8.3 | 5.8 | 4.4 |
| | | 2063 | 7.8 | 7.4 | 7.2 | 7.1 | 7.3 | 7.1 | 7.3 |

**तराईमा सबैभन्दा बढी मूल्य वृद्धि**

23 भौगोलिक आधारमा विश्लेषण गर्दा तराईमा सबैभन्दा बढी ८.९ प्रतिशत तथा पहाड र काठमाडौं उपत्यकामा क्रमशः ६.९ प्रतिशत र ७.४ प्रतिशतका दरले वार्षिक विन्दुगत मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा तराई, पहाड र काठमाडौं उपत्यकामा क्रमशः ६.५ प्रतिशत, ६.३ प्रतिशत, र ४.२ प्रतिशतले मूल्य वृद्धि भएको थियो । तराईमा भएको लामो बन्द, हडतालका कार्यक्रमको प्रभाव स्वरुप तराईमा मूल्य वृद्धि उच्च रहेको हो ।

24 २०६३ माघमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ६.५ प्रतिशत रहेको छ । २०६२ माघमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति ३.९ प्रतिशत रहेको थियो । सर्वसाधारणको मुद्रास्फीतिकारी अपेक्षा बढेकोले अन्तर्निहित मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उच्च रहेको हो ।

**थोक मुद्रास्फीति उच्च**

25 वार्षिक विन्दुगत आधारमा २०६३ माघमा थोक मुद्रास्फीति १२.६ प्रतिशतको उच्च दर कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा थोक मुद्रास्फीतिको वार्षिक विन्दुगत वृद्धिदर ६.५ प्रतिशत रहेको थियो । २०६२ फाल्गुणमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको अन्तराल प्रभाव (Lag effect), कृषिजन्य बस्तु तर्फ दाल (२४.६ प्रतिशत), तरकारी तथा फलफूल (३८.५ प्रतिशत), मरमसला (२३.२ प्रतिशत), खाद्यान्न (१५ प्रतिशत) तथा आन्तरिक उत्पादनतर्फ निर्माण सामाग्री (१९.७ प्रतिशत) आदिमा भएको उच्च मूल्य वृद्धि नै समीक्षा अवधिमा थोक मुद्रास्फीतिमा चाप पार्ने प्रमुख कारकहरु हुन् । समीक्षा अवधिमा तीन हप्ता लामो तराई बन्द परेको कारणबाट आपूर्ति व्यवस्था प्रभावित हुन गएबाट समेत मूल्य सूचकाङ्कमा थप चाप परेको हो । समूहगत रुपमा विश्लेषण गर्दा यस अवधिमा कृषिजन्य वस्तुहरुको सूचकाङ्क १७.५ प्रतिशत र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ७.३ प्रतिशतले वृद्धि भएको छ भने स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्कमा ९.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ८.७, ६.० र २.६ प्रतिशत रहेको थियो ।

**राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमा वृद्धि**

26 २०६३ माघमा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (२०६१।६२.१००) वार्षिक विन्दुगत आधारमा ९.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यसै अवधिमा उक्त सूचकाङ्कमा ४.३ प्रतिशतले वृद्धि भएको थियो । २०६२ श्रावणमा भएको सरकारी कर्मचारीहरुको १० प्रतिशतको भत्ता वृद्धिको प्रभावस्वरुप निजामती तथा सार्वजानिक संस्थानका कर्मचारी, सेना, प्रहरी, शिक्षकको तलवमा भएको बढोत्तरी, मजदूर यूनियनहरुको दवावका कारण वृद्धि भएको औद्योगिक मजदूरको ज्यालादर (१३.१ प्रतिशत), नेपाली युवाहरुको बैदेशिक रोजगारीतर्फ भइरहेको आकर्षणले गर्दा कृषि मजदूरको आपूर्तिमा कमी आएको कारण कृषि मजदूर (१०.५ प्रतिशत), तथा निर्माण मजदूर (७.४ प्रतिशत) को ज्यालादरमा भएको वृद्धि नै समीक्षा अवधिमा राष्ट्रिय तलव

तथा ज्यालादर सूचकाङ्कमा चाप पार्ने तथा तलव तथा ज्यालादर सूचकाङ्कमा क्रमशः ६.२ प्रतिशत र ११.२ प्रतिशतले वृद्धि गराउने प्रमुख कारकहरुमा पर्दछन ।

## सरकारी वित्त स्थिति


### सरकारी बजेट बचतमा

**27** आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनाको अवधिमा नेपाल सरकारको नगद प्रवाहमा आधारित बजेट रु २६ करोड ३५ लाखले बचतमा छ । आर्थिक वर्ष २०६२/६३ को यसै अवधिमा नेपाल सरकारको बजेट रु ३ अर्व २१ करोडले घाटामा थियो । कुल सरकारी खर्चको तुलनामा गैर ऋण साधनको वृद्धि उच्च रहेकोले समीक्षा अवधिमा बजेट बचतमा रहेको हो । पूँजीगत खर्च अपेक्षाअनुरुप बढ्न नसकेको अवस्थामा कायम भएको हालको बजेट बचतलाई सकारात्मक अर्थमा लिन भने सकिंदैन ।

### सरकारी खर्च वृद्धिदरमा कमी


28 आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनासम्ममा नेपाल सरकारको नगद प्रवाहमा आधारित कुल खर्च १३.० प्रतिशतले वृद्धि भई २०६३ माघ मसान्तमा रू ५१ अर्ब ५६ करोड पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा कुल सरकारी खर्च १९.६ प्रतिशतले बढेको थियो। अपेक्षा गरेअनुरुप विकास निर्माणका कामहरूले गति लिन नसकेको हुँदा पूँजीगत खर्चमा अपेक्षित वृद्धि हुन नसक्नुका साथै चालू खर्च पनि केही नियन्त्रित भएको कारण समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदर कम रहेको हो ।

29 कुल सरकारी खर्चमध्ये चालु खर्च समीक्षा अवधिमा १०.२ प्रतिशतले वृद्धि भई २०६३ माघ मसान्तसम्ममा रु ३६ अर्व ७० करोड पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा चालु खर्च १६.५ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०६३/६४ को प्रथम सात महिनाको अवधिमा पूँजीगत खर्च ३०.२ प्रतिशतले वृद्धि भई २०६३ माघ मसान्तसम्ममा रु ७ अर्व ७८ करोड पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा पूँजीगत खर्च ८१.७ प्रतिशतले वृद्धि भएको थियो। चालु खर्च नियन्त्रित रहनु सकारात्मक नै भए पनि पूँजीगत खर्चको स्तर अपेक्षा गरिएको भन्दा न्यून रहँदा यसको समग्र आर्थिक गतिविधिमा पर्नसक्ने प्रभावबारे सचेत हुन आवश्यक छ।




**सरकारी राजस्व वृद्धि लक्ष्यभन्दा केही उच्च**

30 आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनासम्ममा नेपाल सरकारको कुल राजस्व १७.९ प्रतिशतले वृद्धि भई २०६३ माघ मसान्तमा रु ४२ अर्व २५ करोड पुगेको छ । यो वृद्धि वार्षिक बजेट लक्ष्यभन्दा केही उच्च छ ।अघिल्लो वर्षको सोही अवधिमा सरकारी राजस्व २.९ प्रतिशतले मात्र बढेको थियो । बढ्दो विप्रेषण आप्रवाह र उपभोक्ता विश्वासका कारण बढेको उपभोग र तद्नुरुप मूल्य अभिवृद्धि कर राजस्व संकलनमा भएको विस्तार, भन्सार एवं अन्तःशुल्कका दरहरूमा गरिएको समायोजन, भन्सार मूल्याङ्कनमा सुधार, कर तिर्ने प्रवृत्तिमा सुधार, र लाभांश प्राप्तिमा वृद्धिका कारण गैरकर आय बढेकोले समीक्षा अवधिमा राजस्व परिचालन उल्लेखनीय रूपले बढेको हो । तराईमा देखिएको तनावका कारण अहिलेसम्म भइरहेको राजस्व वृद्धि यथावत् कायम राख्न भने चुनौतीपूर्ण देखिएको छ ।



31 आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनाको अवधिमा नेपाल सरकारलाई प्राप्त वैदेशिक अनुदान गत वर्षको सोही अवधिको तुलनामा ३६.६ प्रतिशतले बढी रू ८ अर्ब १ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष वैदेशिक अनुदान ५०.९ प्रतिशतले बढेको थियो। वैदेशिक ऋण भने समीक्षा अवधिमा १८.६ प्रतिशतले घटी २०६३ माघ मसान्तसम्ममा रू १ अर्ब ९७ करोडमा झरेको छ।

## बैदेशिक व्यापार, शोधनान्तर र विदेशी विनिमय सञ्चिति

### निर्यात घट्ने कम यथावत्

32 आर्थिक वर्ष २०६३/६४ को प्रथम सात महिनाको अवधिमा कुल निर्यात ३.९ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात १२.२ प्रतिशतले बढेको थियो। कुल निर्यातमध्ये भारत एवं अन्य मुलुकतर्फको निर्यात समीक्षा अवधिमा क्रमशः ५.४ प्रतिशत र ०.४ प्रतिशतले ह्रास भएको छ। अघिल्लो वर्षको सोही अवधिमा भारततर्फको निर्यात २२.८ प्रतिशतको उल्लेख्य दरले बढेको थियो भने अन्य मुलुकतर्फको निर्यात ७.० प्रतिशतले ह्रास भएको थियो। नेपाली वस्तुको बाह्य मागमा कमी, लोडसेडिङ्ग एवं सीमावर्ती तराई क्षेत्रमा बन्द जस्ता कारणहरुले गर्दा निर्यातमा प्रतिकूल असर परेको हो।

33 भारततर्फ मुख्यतया पोलिस्टर धागो, गाईवस्तुका दाना, प्लाष्टिकका भाँडाकुँडा, जी.आई. पाइप, दाल र चाउचाउको निर्यातमा उल्लेख्य कमी आएको कारण त्यसतर्फको निर्यात घटेको हो भने विशेष गरी ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, हस्तकलाका सामान र गरगहनाको निर्यातमा कमी आएको कारण अन्य मुलुकतर्फको निर्यात ह्रास भएको हो।

### आयातको वृद्धिदरमा उल्लेख्य कमी

34 आर्थिक वर्ष २०६३/६४ को प्रथम सात महिनामा कुल आयात मात्र ०.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल आयात २५.१ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको थियो। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ३१.३ प्रतिशतले बढेकोमा यस वर्ष २.७ प्रतिशतले मात्र वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १६.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.६ प्रतिशतले ह्रास भएको छ।

35 भारतबाट मुख्यतया सवारी साधन तथा पाटपुर्जा, हट रोल्ड शीट इन्क्वाइल, विद्युतीय सामाग्री, धागो र कृषि औजार तथा पूर्जाको आयात वृद्धि भएतापनि अन्य मुलुकबाट विशेषगरी पाम तेल, प्लाष्टिकका दाना, अन्य मेशिनेरी तथा पुर्जा, एम.एस. विलेट तथा विद्युतीय सामाग्रीको आयात उल्लेख्यरुपले घटेको हुनाले गत वर्षको तुलनामा समीक्षा अवधिमा आयात वृद्धिदरमा व्यापक कमी आएको हो ।

**शोधनान्तर स्थिति बचतमा**

36 आर्थिक वर्ष २०६३/६४ को प्रथम सात महिनामा रु. ६ अर्व ३४ करोड शोधनान्तर बचत भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु. १३ अर्व १ करोड शोधनान्तर बचत भएको थियो । खुद सेवा आयको घाटामा वृद्धि र विप्रेषण आप्रवाहको वृद्धिदरमा कमीका कारण समीक्षा अवधिमा शोधनान्तर बचतमा कमी आएको हो ।

37 आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनासम्ममा चालु खातामा रु. ५ अर्व ७९ करोड बचत भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ४ अर्व ८३ करोड बचत भएको थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर आयमा वृद्धिको कारण चालु खाता बचत बढेको हो ।

38 वित्तीय खाता अन्तर्गत, समीक्षा अवधिमा रु. ४ अर्व ९५ करोड बराबर सरकारी ऋण आप्रवाह भएको छ भने रु ३ अर्व ९४ करोड साँवा भुक्तानी भएको छ ।

**विदेशी विनिमय संचिति स्तर सुविधाजनक**

39 २०६३ आषाढ मसान्तको तुलनामा २०६३ माघ मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय संचिति ३.४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७० अर्ब ७१ करोड पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो संचिति १०.७ प्रतिशतले वृद्धि भएको थियो । कुल विदेशी विनिमय संचिति अमेरिकी डलरमा भने २०६२ आषाढ देखि २०६२ माघ मसान्तसम्ममा ९.७ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा ८.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्व ४३ करोड पुगेको छ । कुल संचितिमा परिवर्त्य संचितिको अंश २०६२ माघ मसान्तमा ९४.५ प्रतिशत रहेकोमा २०६३ माघ मसान्तमा ९५.३ प्रतिशत रहेको छ भने अपरिवर्त्य संचितिको अंश ५.५ प्रतिशतबाट घटेर ४.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६३/६४ को पहिलो सात महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ११.६

महिनाको वस्तु आयात र ९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थको मूल्यमा कमी तर सुनको मूल्यमा वृद्धि**

40 अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६२ माघ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ५७.६१ रहेकोमा २०६३ माघ मसान्तमा ५.१ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ५४.६६ पुगेको छ । सुनको मूल्य भने २०६२ माघ मसान्तको तुलनामा २०६३ माघ मसान्तमा २३.० प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ५४०.५० बाट अमेरिकी डलर ६६४.५५ पुगेको छ ।

**ने.रु.को अमेरिकी डलरसँग अधिमूल्यन**

41 २०६३ आषाढ मसान्तको तुलनामा २०६३ माघ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.३३ प्रतिशतले अधिमूल्यन भएको छ । २०६२ माघमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.९२ प्रतिशतले अवमूल्यन भएको थियो । २०६२ माघ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७१.०० रहेको थियो भने २०६३ माघ मसान्तमा उक्त विनिमय दर रु. ७०.३५ रहेको छ ।